# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np

पत्र संख्याः२०८३/८४

( प्रथम पटक प्रकाशित मिति :२०८३/०६/०७ गते)

---

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोतको कर असुली सम्बन्धी कार्य आ.व.२०८३/८४ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म,कम्पनीहरुले बोलपत्र/सिल कोटेशन फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र/सिल कोटेशन पेश गर्नहुन सूचित गरिन्छ।अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेब साईट www.mandavimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

## ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| सि. नं. | ठेक्का नं. | नदी/खोलको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक रु.मा (मु.अ.कर सेवा शुल्क बाहेक ) | बोलपत्र/ सिल कोटेशनजमानत रकम (धरौटी रकम`) रु. | बोलपत्र/ सिल कोटेशनदस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | 01-MRM/NCB/Rev-83 /84 | झिमरुक नदि (नाका : रम्दीवेशी,देवास्थान बगर क र ख | १०,३८८.७ | २९,३४,९२९.५९ /- | कबोल अंकको ५ प्रतिशत | ३,०००/- | |
| 2 | 02-MRM/SQ/Rev-83 /84 | माडी नदि ( नाका :जाबुने नाका) | ५५०८.०० | १५,५६,०६८.०० /- | कबोल अंकको ५ प्रतिशत | १,००० | |
| 3 | 03-MRM/SQ/Rev-83 /84 | माडी नदि (नाका:एक्लेपिपल र देविस्थान) | १३२७.३ | ३,७४,९७८.४ /- | कबोल अंकको ५ प्रतिशत | १,००० | |

नोट.ढुंगा, गिट्टी, बालुवा को दररेट प्रति क्यु .फुट (लुम्बिनी प्रदेश आर्थिक ऐन २०८३) बमोजिम ने.रु.८ (भ्याट र अग्रिम आयकर बाहेक )

*बोलपत्र/सिल कोटेशन फारमको लागि बोलपत्र/ सिल कोटेशनदाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र/ सिल कोटेशन फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं२६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।

---

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

*बोलपत्र/सिल कोटेशन फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र/सिल कोटेशन फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८१/८२ को कर चुक्ता प्रमाण , बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो-घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र सिल कोटेशन को लागि मिति २०८३/०६/१४ गतेसम्म तथा बोलपत्रको लागि मिति २०८३/०६/२८ गते सम्म बोलपत्र/सिल कोटेशन खरिद गरि सोही दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र/ सिल कोटेशन खोल्न बाधा पर्ने छैन ।

*बोलपत्र/ सिल कोटेशन फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र/सिल कोटेशनजमानत रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र/सिल कोटेशन दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा १२० दिन/सिल कोटेशनको हकमा ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

*अन्य जानकारीको लागि माण्डवी गाउँपालिकाको वेब साईट www.mandavimun.gov.np तथा सुचना पाटीमा हेर्न सकिने छ।

# बोलपत्र/सिल कोटेशन सम्बन्धी शर्तहरु

१.बोलपत्र/सिल कोटेशन फारमको लागि बोलपत्र/सिल कोटेशन दाखिला हुने समय भित्र बोलपत्र/सिल कोटेशनदाताहरुले फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३.बोलपत्र/सिल कोटेशन फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र/सिल कोटेशन फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाण , बोलपत्र/सिल कोटेशनको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र सिल कोटेशन को लागि मिति २०८३/०६/१४ गते तथा बोलपत्रको लागि मिति २०८३/०६/२८ गते दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र/सिल कोटेशन खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र/सिल कोटेशनदाताले हार्ड कपी (Hard Copy) मार्फत पेश गरेको सिल कोटेशन मिति २०८३/०६/१४ गते र बोलपत्रको लागि मिति २०८३/०६/२८ गते दिनको १२:०० बजे पछी पेश गरेमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै बोलपत्र/सिल कोटेशन खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र/सिल कोटेशन पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

४.कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ र बोलपत्र/सिल कोटेशन जमानत रकम यस कार्यालयको **हिमालयन बैंक** जस्पुर शाखामा रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा क बर्गको बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्रको हकमा १२० दिन / सिल कोटेशनको हकमा ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

५. ठेक्का सम्झौता गर्दा कबोल अङकको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्र/सिल कोटेशनदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ।

६.स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ५०% र बाँकी रकम दोश्रो किस्तामा ५०% गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको ५०% हकमा जमानत वापतको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बैकवाट २०८४ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।साथै बाँकी रकमको किस्ता २०८३ साल वैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ ।ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

७. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०८३(IEE) बमोजिम हुनेछ ।

८. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ। अशुल गर्न बाँकी रकममा १०%, थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

९. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र/ सिल कोटेशनमाथी कुनै कारवाही गरिने छैन ।

१०. बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत भएबमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ।

११.पेश भएका बोलपत्र/सिल कोटेशन स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२.यस सूचना र बोलपत्र/सिल कोटेशन फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।

१३. अन्य जानकारीको लागि माण्डवी गाउँपालिकाको वेब साईट www.mandavimun.gov.np मा हेर्न सकिने छ वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## निवेदन-पत्र

मितिः २०८३/..../..........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

जस्पुर ,प्युठान ।

विषयः- बोलपत्र/ सिल कोटेशन पेश गरेको बारे।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यहाँ कार्यालयको मिति २०८३/०६/०७ गते प्रकाशित सूचना अनुसार आ.व.२०८३/८४ को ढुंगा, गिट्टि, बालुवा, ग्राभेल उत्खनन गरी बिक्री गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र/ सिल कोटेशन पेश गरेको छु ।मेरो बोलपत्र/सिल कोटेशनस्वी कृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालयद्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछ।

१. मेरो यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विषय क्षेत्र र कबोल अंक यस प्रकार रहेको छ।

| ठेक्का नं. | ठेक्काको विषय क्षेत्र | कुल वार्षिक कबोल अंक रु.मा (मु.अ.कर र अग्रिम आयकर बाहेक ) | | बोलपत्र/सिल कोटेशन जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| 01-MRM/NCB/Rev-2083/084 | | | | | |
| 02-MRM/SQ/Rev-2083/084 | | | | | |
| 03-MRM/SQ/Rev-2083/084 | | | | | |

२.तपशिलमा उल्लेखित कागजपत्रहरु संलग्न छन ।

क................................................. ।

ख................................................. ।

ग................................................. ।

निवेदकः

नामथरः

हस्ताक्षरः

फर्म वा कम्पनीको नाम :

ठेगान

"समाजबादको आधार, निशुल्क शिक्षा, स्वास्थ्य र रोजगार
माण्डवी बासीको मौलिक अधिकार "

## शर्तहरु

मा‍ण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

१. ठेक्का अवधी सम्झौता मिति देखी २०८४ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ।

२. बोलपत्र/ सिल कोटेशन फारमको लागि बोलपत्र/सिल कोटेशन दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र/ सिल कोटेशन फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंकको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचरको पेश गर्नुपर्नेछ

३. बोलपत्र/ सिल कोटेशन फारमहरु नियमानुसार यस गाउँपलिकाको बोलपत्र/ सिल कोटेशनफारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटर हेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कागजातहरु सिल कोटेशन को लागि मिति २०८३/०६/१४ गते तथा बोलपत्रको लागि मिति २०८३/०६/२८ गते दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेशभएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ ।बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र/ सिल कोटेशन खोल्न बाधा पर्ने छैन ।

४.बोलपत्र/सिल कोटेशनदाताले हार्ड कपि (Hard Copy) मार्फत पेश गरेको बोलपत्र/सिल कोटेशन समयमा निजको दर्ता भएको नदेखिएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र/सिल कोटेशन खोलेको सातौं दिन भित्र बोलपत्रदाताले बोलपत्र/ सिल कोटेशनपेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

५. बोलपत्र/सिल कोटेशन फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र/ सिल कोटेशन जमानत रकम यस कार्यालयको हिमालयन बैकको जस्पुर शाखामा रहेको रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा क बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्रको हकमा १२० दिन/सिल कोटेसनको हकमा ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (बिडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्ग र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. ठेक्का सम्झौता गर्दा कबुल अङकको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

७. स्वीकृत ठेक्का अङकलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ५०% र बाँकी ५०% रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य यस कार्यालयको हिमालयन बैकको जस्पुर शाखामा रहेको बिभाज्य खाता नं २६६४९३२०४६००४७ दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त क वर्गको बैकबाट २०८४ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०८४ साल बैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

८ . तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी वाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न बाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।

९. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र/सिल कोटेशन माथी कुनै कारवाही गरिने छैन।

१०. ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम ठेक्का सम्झौता पछी मात्र फिर्ता दिईने छ ।

११. बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।

१२. पेश भएका बोलपत्र/सिल कोटेशन स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. बिस्तृत जानकारीका लागि यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ।

१४.प्रचलित नियमानुसार कालोसूचीमा परेका र गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनि  बोलपत्र/सिल कोटेशनउपर कुनै कारवाही हुनेछैन।

१५.माण्डवी गाउँपालिका कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नोतर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१६.बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन।

१७.राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन ।

१८.बोलपत्रदाताले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९.गाउँपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, २०८३(IEE) मा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन उत्खनन गरेको पाइएमा गाउँपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२०.ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी उत्खनन् गर्दा लुम्बिनी प्रदेश सरकार बाट स्वीकृत ढुङ्गा, गिटी, बालुवाउत्खनन्, संकलन, क्रसिड.र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को पालना गर्नुपर्नेछ ।

२१.नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्राबेल, गिटी, निकाल्न पाइने छैन ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

२२.नदी खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक रुपले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, बालुवा, ग्राबेल, गिट्टी, भरान माटो झिक्न मेसिनको प्रयोग गर्न पाइने छैन् ।स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८३(IEE) ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमती लिएर मात्र घाटगद्धी स्थल तोकेर प्रयोग गर्न पाईनेछ।

२३.भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ। साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ।

२४. बोलपत्रदाताले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ।

२५. बोलपत्रदाताले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ।

२६.बोलपत्रदाताले एक/एक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ।

२७. बोलपत्रदाताले नदी जन्य पदार्थ संकलन उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ।

२८. बिहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन। यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारबाही गरिनेछ ।

२९. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) बोलपत्रदाता आफैले बनाई सब सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३०. नेपाल सरकारले विक्रि कर छुटका लागि गरेका निर्णय बाहेक यस माण्डवी गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदी जन्य पदार्थ संकलन/उत्खनन् गरे बापत गाउँपालिकाको प्राकृतिक श्रोत कर सबैले तिर्नुपर्नेछ। कसैले गाउँपालिकाको प्राकृति तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

३१. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

३२. प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, २०८३(IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार माण्डवी गाउँपालिकामा सुरक्षित रहनेछ

३३. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, बातावरणीय परीक्षण प्रतिवेदन, २०८३(IEE) बमोजिम हुनेछ ।

बोलपत्रदाताको नाम :
ठेगाना :
हस्ताक्षर :

२०८३/०६/०६
प्रमुख प्रशासकीय अधिकृत